अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मितिः २०८३।०१।०४ गते ।

प्रेस विज्ञप्ति

विषय: आरोपपत्र दायर गरिएको ।

काठमाडौं उपत्यका विकास प्राधिकरण, अनामनगरमा कार्यरत तत्कालीन शाखा अधिकृत (करार) याम कुमार कार्कीले अनुसन्धानको क्रममा आयोगमा पेश गरेका कागजातमध्ये कार्यालयको कामकाजलाई असर नपर्ने गरी बिहान बेलुकाको समयमा पार्ट टाईम काम गर्न तथा अध्ययन/अध्यापन गर्न स्वीकृति दिएको भन्ने बेहोराको काठमाडौं विकास प्राधिकरणको चलानी नंम्बर उल्लेख नभएको मिति २०६२।०९।२९ को पत्र शंकास्पद देखिएकोले सरकारी कागजात सच्याई गलत लिखत तयार गरेको भन्नेसमेत बेहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समिति काठमाडौंद्वारा संचालित बागमती नगर जग्गा एकीकरण आयोजनाको खरिदार (रा.प.अनं. द्वि. प्रशासन सरह) पदमा करार सेवामार्फत कामकाज गरिरहेका याम कुमार कार्कीले कार्यालय समय बाहेक बिहान बेलुकाको समयमा पार्ट टाईम काम गर्न, व्यापार व्यवसाय गर्न र अध्ययन अध्यापन गर्न स्वीकृति पाऊँ भनी निवेदन पेश गरेकोले आयोजनाको कार्यलाई कुनै असर नपर्ने गरी कार्यालय समय बाहेक बिहान बेलुकाको समयमा निजलाई पार्ट टाइम काम गर्न तथा अध्ययन अध्यापन गर्न स्वीकृति दिएको बेहोराको काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समिति, काठमाडौंको चलानी नम्बर उल्लेख नभएको मिति २०६२।०९।२९ गतेको तत्कालीन आयोजना प्रमुख डा. भाइकाजी तिवारीले हस्ताक्षर गरेको पत्र नेपाल सरकार, भौतिक योजना तथा निर्माण मन्त्रालय, काठमाडौ उपत्यका नगर विकास समिति, काठमाडौ उपत्यका नगर विकास योजना कार्यान्वयन समिति, काठमाडौबाट जारी भएको देखिएको तर मिति २०६३।२।४ मा प्रकाशित नेपाल राजपत्र पछि मात्र "श्री ५ को सरकार" लाई अब उप्रान्त "नेपाल सरकार" भनिने गरेको देखिएबाट उक्त मिति २०६२।०९।२९ गतेको सरकारी सार्वजनिक लिखत झुट्टा तथा नक्कली रही गलत लिखत रहे भएको पुष्टि भएकोले निज याम कुमार कार्कीले आफ्नो विरुद्धमा चलिरहेको गैरकानुनी सम्पत्ति आर्जन सम्बन्धी मुद्दामा यस आयोग समक्ष पेश गरे गराएको उल्लिखित गलत लिखत राष्ट्रिय विधि विज्ञान प्रयोगशाला खुमलटार, ललितपुरको परीक्षण प्रतिवेदन तथा निजले पेश गरेको निवेदन अभिलेखमा फेला नपरेको र कार्यालयमा दर्ता भएको नदेखिएको भन्ने बेहोराको जिल्ला आयुक्तको कार्यालय काठमाडौको पत्रबाट देखिएकोले प्रतिवादीहरु डा. **भाइकाजी तिवारी र याम कुमार कार्की**को आपसी मिलेमतो तथा योजनामा प्रतिवादी याम कुमार कार्कीको यस आयोगमा अनुसन्धानमा रहेको गैरकानुनी सम्पत्ति आर्जन सम्बन्धी कसुरको सम्बन्धमा आय बृद्धि भएको देखाई अनुसन्धान गर्ने निकाय एवं अनुसन्धान अधिकृतलाई भ्रममा पारी भ्रष्टाचारजन्य कसुरबाट उन्मुक्ति लिने प्रयोजनसमेतको लागि सरकारी/सार्वजनिक संस्थाको लिखत/लेटरप्याड, छाप लगायतको दुरुपयोग गरी गराई बदनियत राखी तयार गरे गराएको गलत लिखत प्रयोग प्रचलनमा ल्याएको तथ्य पुष्टि भएको देखिँदा निज प्रतिवादीहरु डा. भाइकाजी तिवारी र याम कुमार कार्कीको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुर भएको हुँदा निजहरुलाई सोही ऐनको दफा ९ बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने